सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः ६, संख्याः ४, भागः २

सिलीचोङ गाउँपालिका

ताम्कु सङ्खुवासभा।

## सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको सडक सरसफाई तथा सडक हेरालु ब्यावस्थापन सम्बन्धी कार्यबिधि २०७९

*प्रमाणिकरण मितिः-२०७९/११/०८*

**प्रस्तावनाः-** सिलीचोङ गाउँपालिका भित्र बाह्रै महिना यातायात सन्चालनका लागि निर्माण गरिएको ग्रामिण तथा कृषि सडकहरुलाई ब्यवस्थित तथा निर्बाध रुपमा सन्चालनका लागि स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद-३ दफा ११ उपदफा २ (ट) बमोजिम सडक सरसफाई तथा मर्मत कार्यमा आवश्यक जनशक्ति नियुक्ति तथा गाउँपालिका स्थित सडकलाई प्रभावकारी ब्यवस्थापनको लागि गाउँ कार्यपालिकाबाट यो कार्यबिधि जारी गरिएको छ।

### परिच्छेद-१

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यबिधिको नाम **"सडक सरसफाई तथा सडक हेरालु ब्यवस्थापन सम्बन्धी कार्यबिधि २०७९"** रहनेछ।

१.२ यो कार्यबिधि कार्यपालिकाबाट स्विकृत भए पछि लागु हुनेछ

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

**२.परिभाषा**

२.१ बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) **कार्यबिधि** भन्नाले नाम सडक सरसफाई तथा सडक हेरालु व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७९ संझनु पर्दछ ।

ख) **“सडक”** भन्नाले सिलीचोङ गाउँपालिका भित्र निर्माण गरी सन्चालनमा रहेका ग्रामिण सडक, कृषि सडक (धुले, ग्राभेल, सोलिङ तथा कालोपत्रे) सडकलाई संझनु पर्दछ ।

ग) **“सडक हेरालु”** भन्नाले यस कार्यबिधि बमोजिम नियुक्ती गरिएका सडक सरसफाई तथा मर्मत गर्ने ब्यक्तिहरुलाई सडक हेरालुलाई संझनु पर्दछ ।

घ) **“कार्यालय”** भन्नाले सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयलाई संझनु पर्दछ ।

ङ) **“वडा समिति”** भन्नाले नेपालको संबिधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधाराको दफा (४) बमोजिम गठन भएको वडा समिति संझनु पर्दछ ।

**परिच्क्षेद-२**

**३.सडक हेरालु नियुक्ति सम्बन्धि ब्यवस्था**

सिलीचोङ गाउँपालिका भित्रका सबै प्रकारका सडक सरसफाई, मर्मत संभार हेरचाहर तथा सडक ब्यवस्थापनका लागि तपशिल बमोजिम हेरालु नियुक्ति गरिनेछ ।

क) वडा समितिको सिफारिशमा गाउँपालिकाले सडक हेरालुको नियुक्ति गर्नेछ ।

ख) सडक हेरालु सिफारिश गर्दा सम्बन्धित वडाले सम्बन्धित वडाको ब्यक्तिलाई मात्र सडक हेरालुमा सिफारिश गर्नु पर्दछ ।

ग) वडा समितिले सडक हेरालु नियुक्तीको लागि गाउँपालिकालाई सिफारिश गर्दा परिच्छेद २ दफा (४) मा उल्लेखित योग्यता पुगेका ब्यक्तिहरु मात्र सिफारिश गर्नु पर्दछ ।

घ) यसरी छनौट भई आएको सडक हेरालुलाई गाउँपालिकाबाट नियुक्तीपत्र तथा संझौता पत्र दिनु पर्दछ ।

ङ) सडक हेरालुको तलब भत्ता संझौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**४.सडक हेरालुको योग्यता**

क) सडक हेरालु नेपाली नागरिक हुनु पर्दछ ।

ख) १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्दछ ।

ग) कुनै प्रकारको शारीरिक अपांगता नभएको ब्यक्ति हुनु पर्दछ ।

घ) कुनै फौजदार अभियोग नलागेको हुनु पर्दछ ।

ङ) सरकारी सम्पती हिनामिना तथा हानीनोक्सानी नगरेको हुनु पर्दछ ।

च) सामान्य लेखपढ गर्न सक्ने हुनुपर्दछ ।

छ) मगज नविग्रेको हुनु पर्दछ ।

## परिच्छेद-३

### ५.सडक हेरालुको काम कर्तब्य

क) सडक वरिपरि उम्रेका/पलाएका झारपात, रुख हटाउने ।

ख) सडकको कुलो निर्माण/मर्मत गर्ने ।

ग) सडक अवरोध गर्ने ढुंगा माटो हटाउने ।

घ) सडकमा परेको खाल्डो पुर्ने/भर्ने ।

च) अवरुद्ध भएको सडक एक्लै पन्छाउन नसकेमा अवरुद्ध भएको बाटो खुलाउन वडा कार्यालय तथा गाउँपालिकालाई खवर गर्ने ।

छ) सडकमा राखिएका सामाग्री हटाउने वा हटाउन लगाउने ।

### ६.सडक हेरालुको नियामक निकायः-

क) सडक हेरालुको अनुगमन तथा काममा लगाउनको लागि सम्बन्धित वडाको वडा कार्यालय तथा पालिकाबाट समेत अनुगमन, निर्देशन गर्न सकिनेछ ।

<u>**आज्ञाले,**</u>

भद्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय